## बैठक संख्याः ३२

राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिको मिति २०७७।१२।१७ गते मंगलबार दिनको १:०० बजे बसेको बैठकका निर्णयहरुः-

१. समितिको मिति २०७६।०६।०६ को निर्णयानुसार गठित उपसमिति मध्ये माननीय राधेश्याम अधिकारीको संयोजकत्वको उपसमितिले लुम्बनी र गण्डकी प्रदेश तथा माननीय खेमप्रसाद लोहनीको संयोजकत्वमा गठित उपसमितिले बागमती र कर्णाली प्रदेशको अनुगमन भ्रमणको लागि जिल्लाको छनौट गर्ने र अन्य व्यवस्था उपसमिति आफैले तय गर्ने ।

२. माननीय राधेश्याम अधिकारीको संयोजकत्वमा गठित उपसमितिमा माननीय दुर्गा पौडेल, माननीय लक्ष्मी परियार रहेने र माननीय खेमप्रसाद लोहनीको संयोजकत्वमा माननीय अनिल कुमार झा, माननीय देवप्रसाद तिमल्सेना, माननीय राम लखन चमार सदस्य रहेने ।

३. समितिको आ.ब.२०७७/०७८ को प्राप्त स्वीकृत कार्यक्रम तथा बजेट सम्बन्धी विवरण समितिका माननीय सदस्यहरुलाई जानकारी गराईयो ।

४. समितिको अर्को बैठक २०७७।१२।१९ गते बिहीबार दिउँसो १:०० बजे बस्ने गरी आजको बैठक स्थगित गरियो ।